# रौतामाई गाउँपालिका
# गाउँ सभाको एघारौं अधिवेशन २०७९।०८० को
# नीति तथा कार्यक्रम

उपाध्यक्ष श्री भुपिन्द्र बहादुर थापा ज्यू,

प्रमुख प्रशासकीय अधिकृत ज्यू,

गाउँपालिकाका वडा अध्यक्ष ज्यूहरु,

कार्यपालिका सदस्य ज्यू तथा गाउँसभाका सदस्य ज्यूहरु,

कर्मचारी ज्यूहरु

सर्वप्रथम नेपालमा भएका प्रजातान्त्रिक तथा लोकतान्त्रिक आन्दोलनहरुमा शाहदत प्राप्त गर्नु हुने ज्ञात अज्ञात शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु । राष्ट्रियता, लोकतन्त्र प्राप्तिको लागि योगदान पुऱ्याउनु हुने अग्रणी व्यक्तिहरुको उच्च सम्मान साथ स्मरण गर्न चाहान्छु । यस रौतामाई गाउँपालिकाको एघारौं गाउँसभाको उद्घाटन समारोहमा आर्थिक वर्ष २०७९।०८० को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत् गर्न पाउँदा आफूलाई गौरवान्वित ठानेको छु । गाउँसभाका सदस्यज्यूहरु लगायत उपस्थित सम्पूर्ण महानुभावहरुमा हार्दिक स्वागत तथा अभिवादन गर्न चाहन्छु ।

नेपालको संविधानले नेपालमा स्थानीय, प्रदेश र संघ गरी तीन तहको सरकार रहने व्यवस्था गरेको छ । नेपालको संविधानको भाग १७ मा स्थानीय कार्यपालिकाको व्यवस्था गरेको छ, जस अन्तर्गत यो संविधान र संघीय कानुन वमोजिम स्थानीय तहको कार्यकारिणी अधिकार कार्यपालिकामा निहित हुने व्यवस्था रहेको छ, भाग १८ मा स्थानीय व्यवस्थापिकाको व्यवस्था रहेको छ, जस अन्तर्गत यस संविधानको अधीनमा रही स्थानीय व्यवस्थापिकीय अधिकार गाउँसभामा निहित हुने जुन अधिकार अनुसूची - ८ र ९ मा उल्लेख गरिएको छ । साथै उपाध्यक्षको संयोजकत्वमा न्यायिक समिति रहने व्यवस्था रहेको छ । यसर्थ संघीयताको कार्यान्वयनसँगै गाउँपालिका अब स्थानीय सरकारको रुपमा परिणत भइसकेको हुनाले सदैव जनताको सेवामा समर्पित रहने विश्वास समेत दिलाउन चाहन्छु ।

पूर्ण लोकतन्त्र, सुशासन, जनताप्रति उत्तरदायी राज्य, भ्रष्टचारमुक्त सभ्य र सुसंस्कृत एवम् कर्तव्यनिष्ठ समाज यस स्थानीय सरकारको आर्दश हुनेछन् । सार्वभौमसत्ता सम्पन्न जनताको अधिकार, सामाजिक न्याय र समानतामा आधारित समाजको स्थापना गर्ने र स्रोत साधनको समन्यायिक वितरण गर्दै

भौतिक पूर्वाधार, मानवीय विकास, उद्यम विकास आर्थिक तथा सामाजिक रुपान्तरणसँगै समृद्ध गाउँपालिका स्थापना गर्ने हाम्रो असल विचारसँगै प्रतिवद्ध र सर्मपित भई उद्यत रहने छौं ।

मुलुकको अर्थतन्त्र र समग्र शासन प्रक्रियामा पनि असर पुऱ्याएको छ । यस्तो परिस्थितिमा हरेक तहका सरकारले मुलुकमा आफ्नो तर्फबाट प्रवाह गरिने सार्वजनिक सेवाहरुको पुनःप्राथमिकीकरण गर्नुपर्ने भएको छ ।

यसै सन्दर्भमा नेपाललाई स्वास्थ्य, शिक्षा, खानेपानी, कृषि, उत्पादन र रोजगारी प्रवर्द्धन जस्ता क्षेत्रलाई प्राथमिकतामा राख्ने, स्वास्थ्य क्षेत्रमा देखिएका स्वास्थ्य संकट र यसबाट सिर्जित परिस्थितिलाई सम्वोधन गर्ने गरी यो नीति तथा कार्यक्रम तयार गरिएको छ । पाँचवर्षे पहिलो कार्यकालको जगमा रहेर रौतामाई लाई सुशासन युक्त गाउँपालिका बनाउने निति लाई अवलम्वन गर्दै स्थानिय स्तरको जनताको माग र चाहनालाई शिघ्र सम्वोधन गर्न प्रतिवद्ध छौ ।

अब विकासको कार्यसूची सुशासन, विकास र समृद्धिको हुनेछ । सोहि वमोजिम रौतामाई गाउँपालिकालाई समुन्नत वनाउन स्थानीय सरकारले विगतवर्षको जस्तो सामान्य प्रक्रिया र नियमित प्राथमिकता भन्दा अझ माथि उठेर नयाँ आवश्यकता र नयाँ चुनौतिको आधारमा आफ्नो नीति, कार्यक्रम र बजेट तर्जुमा गर्नुपर्ने देखिन्छ ।

जनताको सवैभन्दा नजिकको सरकारको रुपमा रहेको यस स्थानीय सरकार जुन आकांक्षा अनुसार गाउँपालिकाको ***विकास निर्माण, सुशासन, शान्ति, समुन्नति र सम्मान***को लागि समर्पित रहदै जनताको घरदैलोमा पुग्ने विश्वास पुनःदिलाउन चाहन्छु ।

**उपस्थित महानुभावहरु,**

अब यस गाउँपालिकाको आगामी आ.व. २०७९/०८० का लागि गाउँ कार्यपालिकाबाट गाउँ सभामा पेश हुने नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयवाट जारी भएको गाउँपालिकाको नीति, तथा कार्यक्रम र वजेट तयारीको ढाँचाहरुलाई अनुशरण गरी यस गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम तर्जुमा गर्दा निम्न अनुसारका समग्र नीति तथा विषयहरुलाई आधार लिइएको छ :



CamScanner

- नेपालको संविधान - २०७२ मा व्यवस्था भएको राज्यका नीति तथा सिद्धान्तहरु, मौलिक हक लगायत अनुसूची-८ र ९ मा उल्लेखित स्थानीय तहको एकल अधिकार र साझा अधिकारका सूचीका विषयहरु ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४,
- राष्ट्रिय योजना आयोगको १५ औं योजना (०७६/७७-०८०/८१)का रणनीति तथा कार्यनीतिहरु।
- आ.व. २०७९।०८० को संघीय सरकारको नीति तथा कार्यक्रमहरु ।
- संघीय सरकारको आ.व. २०७९।०८० को बजेट वक्तव्य ।
- आ.व. २०७९।०८० को प्रदेश सरकारको नीति तथा कार्यक्रमहरु ।
- प्रदेश सरकारको आ.व. २०७९।०८० को बजेट वक्तव्य ।
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४
- संघीय, प्रदेश सरकारले जारी गरेका नीति, कानून तथा मापदण्डहरु,
- स्रोत साधनहरु,
- विकासका अन्तर सम्वन्धित विषयहरु,
- सरकारले अन्तर्राष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताबाट सिर्जित दायित्वहरु संघ र प्रदेश सरकारले अवलम्वन गरेका अन्य आर्थिक नीतिहरु,
- आ.व.२०७८/७९ को रौतामाई गाउँपालिकाको विगत गाउँसभाबाट पारित नीति तथा कार्यक्रम

दीर्घकालीन सोच

*स्वस्थ, शिक्षित र सुखी जनता, : समृद्ध गाउँपालिका निर्माण हाम्रो प्रतीवद्धता*

देश्यहरु :

- जनता/नागरिकलाई शासनमा आधिकारिक रुपमा सहभागी गराई संघीय लोकतन्त्रका लाभहरु प्रत्यक्ष रुपमा पुऱ्याउनु,
- यस गाउँपालिकाको सामाजिक तथा आर्थिक रुपान्तरण गरी सभ्य, सुसंस्कृत समाजको स्थापना गर्नु,
- सुशासन, भ्रष्टचारमुक्त प्रशासनको स्थापना गर्नु,
- भौतिक पूर्वाधार तथा मानवीय संसाधनको विकास गर्दै स्रोत साधानको अधिकतम उपयोग गरी समृद्ध, समुन्नति, शान्तिपूर्ण गाउँपालिका स्थापना गर्नु,
- लक्षित समूह/वर्गहरुको विकासका लागि समावेशी, समानुपातिकको आधारमा सशक्तिकरण गराउँदै लैजानु,
- गाँउपालिका अध्यक्ष कोषको स्थापना गरि परोपकारी क्षेत्रमा सहयोग गर्नु ।
- पालिका स्तरिय गौरवको आयोजना संचालन गर्नु ।

<u>प्राथमिकताहरु:</u>

- शिक्षा, स्वास्थ्य, स्वच्छपिउने पानीको सहज उपलब्धता ।
- प्राथमिक तथा आधारभूत स्वास्थ्य सेवाको पहुँच विस्तार र गुणस्तरीय स्वास्थ्य सेवा उपलव्धता ।
- पालिकाको समग्र विकासको लागि परामर्श सेवबाट विज्ञ समुह गठन
- विपन्न परिवारको लागि अध्यक्ष सम्वोधन कार्यक्रम
- सघन भौतिक पुर्वाधार,
- प्राविधिक, व्यवसायिक तथा गुणस्तरीय शिक्षाका लागि प्रविधिमैत्री शिक्षा
- व्यवसायिक तथा आधुनिक कृषि तथा पशु क्षेत्रको विकास,



CamScanner

- रोजगारी सिर्जना, युवा स्वरोजगार कामर्यक्रम तथा रोजगारी गुमाई विदेशबाट आउने नेपालीहरुको सीप, क्षमता र ज्ञानको उपयोग
- स्थानीय पूर्वाधार विकासका कार्यक्रमहरु (ग्रामीण यातायात, सडक, ग्रामीण विद्युतीकरण, पुल,साना सिंचाइ तथा नदी नियन्त्रण, खानेपानी तथा सरसफाई, लघु उद्यम तथा वैकल्पिक उर्जा आदि),
- दिगो विकासका १७ वटालक्ष्यहरु (SDGs) प्राप्त गर्ने कार्यक्रमहरु (जस्तै : गरिवी न्यूनिकरण तथा रोजगारी प्रवर्द्धन, स्वास्थ्य तथा पोषण, विपद्/जलवायु जोखिम न्यूनीकरण आदि),
- लैङ्गिक समानता, महिला सशक्तिकरण, जातीय विभेदको अन्त्य तथा समावेशी विकास,
- सामाजिक विकासका कार्यक्रमहरु (जस्तै : महिला, बालबालिका, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक एकल महिला तथा विपन्नवर्ग लक्षित सामाजिक विकास सम्बन्धी कार्यक्रम,
- बनतथा भू-संरक्षण, प्राकृतिक स्रोत र वातावरण संरक्षण,
- स्थानीय सेवा प्रवाहमा प्रभावकारिता, पारदर्शीता र सुशासनको प्रवर्द्धन,
- पर्यटन पूर्वाधार विकास र संस्कृति प्रवर्द्धन,
- वातावरणमैत्री र वालमैत्री स्थानीय शासन पद्धतिको अवलम्बन,
- युवाको क्षमता तथा खेलकुद विकास कार्यक्रम,
- वस्तीविकास र सामाजिक परिचालन कार्यक्रम,



CamScanner

*उपस्थित महानुभावहरु*

अब म, उल्लेखित आधारमा अन्तरनिहीत रही यस गाउँपालिकाले आगामी वर्षका लागि अवलम्बन गर्न प्रस्तावित क्षेत्रगत नीति तथा कार्यक्रम संक्षेपमा उल्लेख गर्न चाहन्छु :

(क) सामाजिक क्षेत्र

*(क.१) शिक्षा*

*"हाम्री सबैको इच्छा, प्रविधिमैत्री गुणस्तरीय शिक्षा : "*

- प्रविधिमैत्रि, गुणस्तरीय तथा जिवनउपयोगी शिक्षालाई प्रभावकारी र व्यवस्थित बनाउनको लागि नेपाल सरकार तथा प्रदेश सरकारसँग समन्वय, सहकार्य गरिनेछ ।
- **एक वडा एक नमूना विद्यालयको** अवधारणा ल्याइनेछ ।
- दरबन्दी अपुग भएका विद्यालयमा स्थानीय तहले करार दरवन्दी सिर्जना गरी विद्यार्थी संख्या र विषयगत आधारमा वितरण गरिने निति लिईनेछ ।
- विद्यालय र शिक्षकलाई आधुनिक सुचना प्रविधि सँग जोड्न **एक विद्यालय एक ल्यापटप** कार्यक्रम अगाडी वढाईनेछ ।
- बालबालिकाको प्रतिभालाई प्रस्फुटन गरि ज्ञानमा आधारीत समाज स्थापना गर्न **अध्यक्ष संग प्रतीभा पहिचान कार्यक्रम** अगाडी वढाईने छ ।
- विद्यालयमा थप भौतिक पूर्वाधार, शिक्षक व्यवस्थापन, खानेपानी तथा सरसफाई र स्वास्थ्य सुरक्षा सामग्रीको व्यवस्था गरिनेछ ।
- *सार्वजनिक विद्यालय समायोजन एवम् एकीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि २०७७* अनुसार यस गाउँपालिकाका आवश्यकता अनुसार मापदण्डको कारण सामुदायिक विद्यालयहरुको समायोजन तथा एकीकरण गरिनेछ ।
- सबैको लागि गुणस्तरीय शिक्षा आजको आवश्यकता भएकोले प्राविधिक शिक्षा, व्यवसायिक तथा वैज्ञानिक शिक्षाको लागि विशेष कार्यक्रम तथा अभियानहरु प्रभावकारी रुपमा सञ्चालन गरिने छ ।



CamScanner

- विद्यालयहरुमा विद्यालय सुधार योजना बनाई योजनावद्ध रुपले विद्यालयको आर्थिक, भौतिक, शैक्षिक सुधार गरिदै लगिने छ ।
- विद्यालयहरुमा शिक्षकहरुको नियमितता र समयमै उपस्थितिको लागि यो वर्ष सबै विद्यालयमा विद्युतीय हाजिरीको व्यवस्था गरिने छ ।
- नेपालको संविधानले शिक्षालाई मौलिकहकको रुपमा स्थापित गरिसकेको परिप्रेक्ष्यमा सबै गाउँवासीहरुलाई शिक्षामा पहुँच पुऱ्याउन विशेष योजना तथा कार्यक्रम सञ्चालन गरिनेछ ।
- सामुदायिक विद्यालयका विषयमा खुल्ला सार्वजनिक सुनुवाई गरी हालकुनै किसिमका कमी कमजोरी भएमा सुधार गरी शिक्षा क्षेत्रमा विकास र विस्तार गर्दै सामुदायिक विद्यालयका शिक्षकहरुलाई पेशाप्रति अझै बढी जिम्मेवार बनाइनेछ ।
- सामुदायिक विद्यालयका शिक्षकहरुको मूल्याङ्कनको परिपाटी विकास गरी पूर्ण जिम्मेवार वहन गर्ने शिक्षकलाई पुरस्कृत र नगर्ने शिक्षकलाई कारवाही गर्ने नीति लिइनेछ ।
- गाउँपालिका क्षेत्र भित्रका सामुदायिक विद्यालयमा अध्ययन गर्ने आर्थिक अवस्था कमजोर भएका विद्यार्थीमध्ये उत्कृष्ट र जेहेन्दार विद्यार्थीहरुलाई छात्र वृत्तिको व्यवस्था गर्ने नीति लिइनेछ ।
- सामुदायिक विद्यालयको प्रणालीगत सुधार गरी अभिभावकहरुलाई जिम्मेवारी बनाई आम जनमानसमा विद्यालयप्रतिको अपनत्वमा सुधार गरिनेछ ।
- एक विद्यालय एक फूलवारी निर्माण नीति अवलम्वन गरिनेछ ।
- उच्चशिक्षा अध्ययनमा जेहेन्दार, लगनशील गरिब, आदिवासी जनजाति, दलित, महिलालाई सहयोग गर्ने नीति लिइने छ ।
- शैक्षिक क्यालेण्डर र विद्यालय सुधार योजना निर्माण गराई योजना मुताविक विद्यालयहरुलाई काम गराइदै विद्यालय तथा शैक्षिक सुधार गरिने छ ।

*क. २) स्वास्थ्य*

*उत्पादनशील, सुखी नागरिकको लागि सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य, "*

- पालिका भरिका नागरिकका लागि **स्वास्थ्य विमा कार्यक्रम** थप प्रभावकारी बनाइनेछ ।
- स्वास्थ्य क्षेत्रको सूचना व्यवस्थापनका लागि डिजिटल व्यवस्थापन गरिनेछ ।



CamScanner

- स्वास्थ्य संस्थाहरुमा थप भौतिक व्यवस्थापन, जनशक्ति व्यवस्थापन, औषधि तथा स्वास्थ्य सामग्रीको व्यवस्था, खानेपानी तथा सरसफाई र स्वास्थ्य सुरक्षा सामग्रीको व्यवस्था गरिनेछ।
- वडाका स्वास्थ्य चौकीबाट गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा प्रदान गरिनेछ । साथै यी स्वास्थ्य चौकीबाट इमरजेन्सी सेवा पनि दिलाउनको लागि आधारभूत सामग्रीहरुको व्यवस्थापन गरिदै लगिनेछ ।
- एक गाउँपालिका एक अस्पतालको अवधारणा अनुसार यस गाउँपालिकामा १५ शैयाको अस्पताल निर्माण कार्य ठेक्का प्रक्रिया यही वर्षबाट सुरु भएको जानकारी गराउँदछु ।
- सरकारबाट निःशुल्क प्रदान गरिने औषधिहरु सबैको पहुँचमा पुऱ्याइनेछ ।
- स्वास्थ्य चौकी अन्तर्गत चलाइएका गाउँघर क्लिनिक कार्यक्रमको माध्यमबाट ज्येष्ठ नागरिकहरुको नियमित स्वास्थ्य परिक्षण गरिनेछ ।
- ग्रामीण तथा शहरी स्वास्थ्य सेवालाई वढी प्रभावकारी र व्यापक बनाउन स्वास्थ्य केन्द्रहरु थप गरी विशेषज्ञ सहितको सेवाप्रदान गर्ने नीति लिइनेछ ।
- समग्र गाउँको स्वास्थ्यलाई ध्यानमा राखी आगलागी, भूकम्प, झाडापखाला, महामारी, चट्याङ, एच.आई.भी. एड्स आदिको संभावना, जोखिम र यसको न्यूनीकरणतर्फ जनचेतना वृद्धि गर्ने कार्यक्रमहरु संचालन गरिनेछ ।
- आवश्यकता अनुसार स्वास्थ्य शिविर कार्यक्रमहरु संचालन गरिने छ ।
- रौतामाई गाउँपालिकाको अन्य बाँकी रहेको स्वास्थ्य चौकीहरुमा ल्याब सेवालाई व्यवस्थापन गरी संचालन गर्न पहलगरिनेछ ।
- गाउँपालिकाले वडामा हस्तारन्तरण गरेको एम्बुलेन्सलाई व्यवस्थित रुपमा कार्यविधि अनुसार कार्यान्वयन ल्याईने छ । साथै अन्यथप सुविधाको लागि अन्य थप एम्बुलेन्सको माग सम्वन्धित निकायमा गरिने छ ।
- ६० वर्ष माथिका जेष्ठ नागरिकलाई सहुलियत उपचारको लागि सहयोग गरिने छ ।
- नेपाल सरकार ले अवलम्वन गरेको बहुक्षेत्रीय पोषण कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- सुनौला हजार दिनका आमाहरु र शिशुलाई पोषणका लागि आवश्यक व्यवस्था मिलाइने छ



CamScanner

- पोषण सम्वेदनशील कार्यक्रम विस्तार गरी महिला किशोरी तथा बालबालिकाको पोषण अवस्थामा सुधार ल्याइ स्वच्छ,स्वास्थ्य ,बौद्दिक मानव पुँजिको विकास गरिनेछ ।
- गाउँपालिका क्षेत्र भित्रको गर्भवती महिला रहेको घरमा साङ्केतीक झण्डा राख्नको लागि आवस्यक व्यवस्था मिलाईने छ ।

*(क.३) खानेपानी तथा सरसफाई*

*सफा र स्वच्छ पानी, स्वस्थ हाम्रो जिन्दगानी"*

- पानीको पहुँच भएका ठाउँमा एक घर एक धाराको नीति अवलम्बन गरिने छ
- गाउँपालिका भित्रका विभिन्न वडाहरुमा रहेका खानेपानीको मुहानहरुलाई संरक्षण र संवर्द्धन गरी गाउँपालिकाका सबै घरहरुमा खानेपानी पहुँच पुऱ्याउने उद्देश्यका साथ एक गाउँ एक खानेपानीको नीतिलाई अवलम्बन गरिनेछ ।
- खानेपानी योजनाको गुणस्तर सुधार, धारा वितरण व्यवस्था तथा आवधिक स्वच्छता जाँच, शौचालय व्यवस्था माध्यान पुऱ्याइने छ ।
- जनतालाई स्वच्छ सफा खानेपानीका लागि साना खानेपानी निर्माण मुहान सुधार,सर्मत संहारको कार्यक्रम संचालन गरिनेछ ।
- वडा नं. ३ र ५ मा सुनकोशी खानेपानी लिफ्टिङ्ग परियोजनाको सम्भाव्यता अध्ययन गरिनेछ ।
- खानेपानीका मुहानको संरक्षणका लागि मुहान आसपासमा उपयुक्त मापदण्ड बनाइ लागू गरिनेछ ।
- खानेपानी तथा सरसफाई सम्वन्धी गठन भएका समितिहरुलाई वातावरण तथा सरसफाई प्रति बढी उत्तरदायी बनाउने नीति अवलम्वन गरिनेछ ।
- गाउँपालिका भित्र सञ्चालित क्रमागत खानेपानीका योजनाहरुलाई यथाशीघ्र सम्पन्न गर्दै लगिनेछ ।
- बालक्लवहरुलाई परिचालन गरी सरसफाई तथा हरियाली क्षेत्र विस्तार गरी वातावरणीय सन्तुलन कायम गर्ने कार्यको जिम्मेवारी दिईने छ ।
- मानिसहरुको आवत जावत बढीभएको स्थानहरुमा सार्वजनिक शौचालय निर्माणमा प्राथमिकता दिइने छ ।



CamScanner

*(क ४) संस्कृति प्रवर्द्धन*

*"मौलिक संस्कृति हाम्रो पहिचान : संरक्षण र सम्बर्द्धन गरे बढ्छ हाम्रो शान"*

- नेपाल एक बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहु सांस्कृतिक विशेषता युक्त राष्ट्र भएकोले सबै धर्म, संस्कृति, संस्कार, प्रथा, परम्परा, प्रचलनको सांस्कृतिक मूल्य मान्यतालाई सम्मान गर्ने नीति अवलम्बन गरिनेछ । परम्मपरागत रुपमा रहेका चाडपर्व एवं स्थानीय मौलिकता सहितको धर्म तथा संस्कृतिको संरक्षण गरिनेछ ।
- गाउँपालिका भित्रका विभिन्न जात-जातिहरुको भाषा, धर्म, इतिहास, संस्कार र संस्कृतिलाई संरक्षण एवं सम्बर्द्धन र प्रवर्द्धन गरिनेछ ।
- मातृभाषा, मौलिक संस्कार संस्कृतिको संरक्षण गर्नमा विशेष नीति अवलम्बन गरिने छ ।
- गाउँपालिकाभित्र रहेका ऐतिहासिक, पुरातात्विक, धार्मिक, पर्यटकीय सम्पदाहरुको पहिचान गरी सोको अभिलेख राखिनेछ ।
- गाउँपालिकामा रहेको ऐतिहासिक रौता पोखरीको मन्दिर ओडारे झर्ना लगायत गाउँपालिका अन्तर्गत रहेका धर्मशाला, बौद्ध गुम्बाचर्च आदिको संरक्षण गरिनेछ ।
- गाउँपालिका भित्र रहेका ऐतिहासिक एवं पुरातात्विक मठ मन्दिर, पाटी, पौवा, सत्तल, कुवा, पंधेरो, ढुङ्गेधारा, अन्तिम दाहसंस्कार गर्ने आर्यघाट लगायतलाई निर्माण तथा पुर्ननिर्माण, संरक्षण तथा उचित व्यवस्थापन गरिनेछ । जस अन्तर्गत देवीस्थान,साकेला देवीस्थान,सोलढुङ्गा महादेव स्थानको संरक्षण गर्दै धार्मिक पर्यटकीय क्षेत्रको रुपमा विकास गरिदैं लगिनेछ ।
- गाउँपालिका भित्र रहेका विभिन्न जातजाति तथा समुदायहरुको धार्मिक जात्रा, गुठीलाई प्रवर्द्धन गरिनेछ ।



CamScanner

*(क.५) खेलकुद तथा मनोरञ्जन*

*" युवाको लागि खेलकुद : स्वास्थ्यको लागि खेलकुद "*

- गाउँका युवाहरुलाई लक्षित गरी खेलकुदलाई जीवनको अभिन्न अङ्गको रुपमा लिनु पर्ने सन्देशलाई साकार गर्न खेलकुद गतिविधि, क्षमता विकास, विस्तार तथा गाउँस्तरीय खेलकुद विकास समिति गठन गरी कार्यान्वयन गर्न पहल गरिनेछ ।
- अन्तर गाउँस्तरीय तथा गाउँपालिका स्तरीय खेलकुद प्रतियोगिता संचालन गर्न ***"गाउँपालिका अध्यक्षकप"*** सञ्चालन गरिनेछ ।
- गाउँपालिकास्तरीय खेलकुदको लागि रंगशाला निर्माणको लागि संभावित स्थानमा सम्भाव्यता अध्ययन गरिनेछ ।
- सामुदायिक विद्यालयका खेलकुद मैदानको स्तरोन्नति तथा अन्य सार्वजनिक जग्गामा खेलकुद मैदान, युवाक्लब तथा विचरण पार्क निर्माण गर्ने नीति लिइनेछ ।
- एक वडा एक खेलमैदानको निर्माण गरी खेलक्षेत्रको विकास गरिदै लगिनेछ ।

*ख.६) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण*

***"लैङ्गिक समानतामुलक गाउँपालिका हाम्रो अभियान, बालमैत्री समाजको स्थापना र जेष्ठ नागरिकलाई सम्मान "***

- सुत्केरी महिलाहरुलाई आत्मासम्मान र पोषणमा सहयोग गर्नको लागि ***उपाध्यक्ष ज्यूसग सुत्केरी कोशेली कार्यक्रमलाई थप प्रभावकारी*** रुपमा कार्यन्वयन गरिनेछ ।
- राज्यको हरेक अंग तथा संयन्त्रमा महिला, आदिवासी, जनजाति, दलित, अपाङ्ग, विपन्न तथा गरीब, पछाडि पारिएका सीमान्तकृत समुदाय आदीलाई राज्यको नीति निर्माण, निर्णय प्रक्रिया र कार्य सम्पादन प्रक्रियामा समानुपातिक समावेशी सिद्धान्तको आधारमा अर्थपूर्ण सहभागी गराई समावेशीकरणको नीति अवलम्वन तथा कर्यान्वयन गरिने छ ।
- पछाडि पारिएका वर्ग, समुदायलाई हरेक क्षेत्रमा अर्थपूर्ण सहभागिताको लागि विशेष अवसर, समानुपातिक समावेशीकरण, आरक्षण, सकारात्मक विभेद, तालिम लगाएतमा औजारहरुको



CamScanner

प्रयोग गरि आर्थिक, सामाजिक तथा राजनैतिक सशक्तिकरण गरि राज्यको मूलप्रवाहमा ल्याईनेछ ।

- बालश्रम तथा बालशोषण अन्त्य, घरेलु बाल श्रमिकको पुन स्थापना तथा जोखिममा परेका बालबालिकाहरुको पुर्नस्थापना गरी यस गाउँपालिका क्षेत्रलाई बालमैत्री वडा तथा गाउँपालिका निर्माण गर्ने नीति तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।
- जेष्ठ नागरिकको ज्ञान, सीप, अनुभव र विज्ञतालाई गाउँपालिकाको विकास कार्यमा पूँजीकृत गर्दै उनीहरुको सम्मानित मर्यादापूर्वक जीवनयापन गर्ने वातावरण मिलाउनगाउँस्तरीय जेष्ठ नागरिक समाज गठन गर्नुका साथै जेष्ठ नागरिक दिवा सेवा केन्द्र स्थापनाकालागि सरकारी तथा गैर सरकारी निकायहरुसंग समन्वय गरी आवश्यक कार्य गरिनेछ ।
- विभिन्न जन आन्दोलन, जनयुद्धका घाइते, अपाङ्ग, बेपत्ता, शहिद परिवारको खोजि गरी उनीहरु र उनीहरुको परिवारलाई सम्मान, सुरक्षा, स्वास्थ्य उपचार, शिक्षा, सीपविकास तथा रोजगारीमा प्राथमिकता दिइनेछ ।
- अपांगता भएका व्यक्तिहरुका लागि विभिन्न सिपमुलक कार्यक्रम ल्याईनेछ । सार्वजनिक सेवा प्रदायक निकायलाई अपांगमैत्री बनाउन पहल गरिनेछ ।
- विपन्न, दलित, जनजाति र सिमान्तकृत महिलाहरुको लागि आर्थिक आत्मानिर्भर कार्यक्रमलाई पालिकाभरि पुऱ्याउने लक्ष्य राखिएकोछ ।
- सन २०२५ सम्ममा १ नम्बर प्रदेशलाई नै बाल विवाह मुक्त गर्ने अभियान अर्न्तगत रैतामाई गाउँपालिकाका विभिन्न विद्यालयहरुमा किशोरी समूह गठन गरि प्रभावकारी रुपमा परिचालन गर्ने साथै कुरिति, कुसंस्कार विरुद्ध समुदायमा रहेका किशोरीहरुको समुह परिचालनलाई प्रभावकारी बनाउने लक्ष्य लिईएको छ ।
- लैगिक हिंसा प्रभावित महिलाहरुलाई लक्षित गरि तत्काल उद्धार गरि **शुरक्षा बासको स्थापना** गरिनेछ । पिडितलाई राहत र न्यायको लागि पहल गर्दै आर्थिक रुपमा समेत सहयोग गर्ने कार्यक्रमलाई निरन्तत्ता दिईनेछ ।
- रैतामाई गाउँपालिकालाई बालमैत्री बनाउने अभियान सफल पार्नका लागि बजेट विनियोजन देखी कार्यक्रम कार्यान्वयनमा विशेष जोड दिदै, बालकोष समेत स्थापना गरिनेछ । यसैका साथै बालमैत्री घोषणा भईसकेका वडाहरुलाई दिगोपनाका लागि कार्यक्रम राखिनेछ ।
- महिलाहरुको प्रजनन अधिकारको सम्मान गर्दै शुरक्षित मातृत्वको लागि पालिकाबाहिरको अस्पतालको लैजानु परेका विपन्न परिवारको लागि निशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराउने निति ल्याईनेछ ।



CamScanner

क.७) जनसंख्या व्यवस्थापन

- यस गाउँपालिकामा उपलब्ध स्रोत, साधनको आधारमा विद्यमान जनसंख्याबीच तादम्यता कायम गरिदै लगिनेछ ।
- जनसंख्याको आकार, बनोट, वितरण, संरक्षण र परिचालन सम्बन्धी योजना, संगठन, निर्देशन र नियन्त्रणमा व्यवस्थापकीय कार्य गरिदै लगिनेछ ।
- जनसंख्या वृद्धि वाञ्छित सीमाभित्र राख्ने र बसाइँसराईलाई व्यवस्थित बनाइनेछ ।
- मानवीय विकासको माध्यमबाट मावन पूँजी निर्माण गरिदै लगिनेछ ।

ख) आर्थिक क्षेत्र

*"जडीबुटी, कृषि र पर्यटन प्रवर्द्धन : रौतामाईवासिको समृद्ध जिवन"*

*ख.१) कृषि तथा पशुपालन*

- भूमिहीन गरिब, दलित, पिछडीएका समुदायका किसान लाई समेटी अध्यक्ष कृषि कार्यक्रम संचालन गरिनेछ ।
- बाझो जग्गामा खेति गर्न इच्छुक किसानलाई नगदेवाली खेती प्रोत्साहन स्वरुप अनुदानको व्यवस्था मिलाइने छ ।
- पालिका भित्रमा हाईटेक नर्सरी स्थापना गरेर सम-शितोष्ण फलफुल, पुष्प साथै तरकारी जन्य जातको नर्सरी संचालन गरि पालिकाको क्षमता अभिवृदी गर्ने ।
- बिना धितो कृषकलाई सहुलियत कृषि ऋण उपलब्ध गराउन बैंक संग आवश्यक समन्वय गरिनेछ ।
- आधुनिक खेती प्रविधि विकास लागि माटो जांच घुम्ती शिविर संचालन गरिनेछ ।
- .स्थानीय उत्पादनहरु जस्तै बेसार, दाल, सिस्नु पाउडर, अदुवा, भांगो आदिलाई स्थानीय तहमा प्याकेजिंग गर्न आवश्यक व्यवस्था गरिनेछ ।
- वडा नं ४ र ७ मा दुग्धको पकेट विकास गर्नको लागि विशेष कार्यक्रमको व्यवस्था गरिनेछ।
- वडा नं १ मा स्थानिय जातको गाईको संरक्षण तथा सम्वर्द्धनमा विशेष कार्यक्रमको व्यवस्था गरिनेछ।
- नेपाल सरकारले कृषि बिमाको बिमाङ्क रकममा दिदै आएको ८० प्रतिशत अनुदानमा थप २० प्रतिशत बढाई १०० प्रतिशत अनुदानको व्यवस्था गरि रौतामाई गाउँपालिकाको सम्पूर्ण पशुपंन्छी तथा कृषि बिमा गरि कृषकलाई थप सुविधा प्रदान गरिनेछ।

- पशु सेवा क्षेत्रमा युवा स्वोरोजगार सम्वन्धि विषेश कार्यक्रमको व्यवस्था मिलाईनेछ।

कृषि क्षेत्रमा थप आधुनिकीकरण, यान्त्रिकरण र विशिष्टिकरण गरी उत्पादकत्व तथा उत्पादन वृद्धिमा जोड दिइने, ***स्वदेशीवस्तुको उपभोग गरौं आन्तरिक उत्पादनलाई प्रोत्साहन गरौं*** अभियानलाई आत्मसात गरिनेछ ।

- कृषि प्राविधिक तथा कृषि सामग्री आदिको पहुँच सम्वन्धित किसानसम्म पुऱ्याउनुका साथै किसान र उपभोक्ताहरुको बीचका विचौलियाहरुलाई विस्थापित गरी किसानले उत्पादन गरेका उत्पादित वस्तुहरु सिधै बजारसम्म पुऱ्याउनेतर्फ कृषि सहकारी संस्था निर्माण र व्यवस्थापन गर्ने योजनाबनाई कार्यान्वयन गरिनेछ ।
- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यक्रमसँग समन्वय गरी कृषि क्षेत्रका जोन, ब्लक र पकेट क्षेत्र घोषणा गरी परियोजना सञ्चालन गरिने छ । जस अन्तर्गत सुन्तला जोन, **अदुवाजोन, वेसार जोन, बाखाबंगुर, दुध, तेजपात ब्लक तथा पकेट** क्षेत्रको लागि बजेट विनियोजन गरिने छ ।
- पालिका केन्द्रमा नमुना कृषि तथा पशुपंक्षी फर्म स्थापना गरि किसानहरुलाई व्यवसायिक तालिम दिई आत्मनिर्भर वनाइनेछ ।
- वडा न २ मा कृषि संकलन केन्द्र स्थापना गरिनेछ।
- एक गाउँ एक उत्पादन कार्यक्रमलाई बढवा गरिदैं लगिने छ।
- कृषकलाई पुरस्कृत गरिने कार्यक्रमको थालनी गरिनेछ।
- एक वडा एक कृषि तथा पशु प्राविधिको व्यवस्था गरिनेछ।
- कृषि सम्वन्धी वेर्ना उत्पादनको लागि स्थानीय व्यबसायीलाई प्राथमिकता दिईने छ।
- व्यावसायिक कृषकहरुलाई कृषि मिटर व्यवस्थापनको लागि अवस्यक पहल गरिनेछ ।
- अकवरे (राङ्गे) खुर्सानी खेती प्रवद्धर्न कार्यक्रम संचालन गरिनेछ ।



CamScanner

*(ख.२) उद्योग तथा वाणिज्य*

- स्थानीय स्तरमा उद्योग स्थापना गरी स्थानीय उत्पादनलाई जोड दिन महिलाले प्रयोग गर्ने सेनिटरी प्याड उत्पादन, मास्कको उत्पादन, साबुनहरुको उत्पादन, अचार जस्ता बस्तु तथा सेवा उत्पादन गर्ने उद्योगको स्थापना गर्न अनुदानको व्यवस्था मिलाइनेछ ।
- साना तथा घरेलु उत्पादनको विकास, पर्वद्धन र बजारीकरणमा सहयोग पुऱ्याइनेछ ।
- अल्लो धागोबाट बन्ने सामग्रीका लागि तालिमको व्यवस्था गरिने छ ।
- स्वीटर,टोपी र गलबन्दीको लागि हाते होजियारी तालिमको व्यवस्था गरिनेछ ।
- कृषि तथा स्थानीय कच्चा पदार्थमा आधारित लघु तथा साना उद्योगहरुको स्थापना गरी स्थानीय रोजगारीको अवसरहरु सिर्जना गरिँदै लगिने छ ।
- गाउँपालिका क्षेत्रभित्र औद्योगिक क्षेत्र स्थापना गरी उद्योग सञ्चालन गर्न उद्यमीहरुलाई प्रोत्साहन गरिनेछ ।
- यस गाउँपालिकाको वडा नं. ५ को सुकेपोखरीमा औद्योगिकग्राम उधोग मन्त्रालयबाट छनोट भईसकेको हुदाँ औद्योगिकग्रामको पूर्वाधार निर्माण सडक, विजुली, प्रशासनिक भवन निर्माण, घेरावेरा र फील्ड सम्याउने कामभइरहेको जानकारी गर्दछु ।
- गाउँपालिका भित्र रहेका साना तथा मझौला उद्योगीहरुलाई आकर्षण गर्न विशेष कार्यक्रमको व्यवस्था गरिनेछ ।
- उद्योग वाणिज्य संघ र घरेलु तथा साना उद्योग महासंघसँगको समन्वयमा गाउँ क्षेत्रमा संचालित व्यवसायिक फर्महरुको दर्ता तथा नवीकरण कार्यलाई गति दिइनेछ ।
- सार्वजनिक निजी साझेदारी (PPP Model) नीतिको अवलम्वन गर्दै निजी क्षेत्रसँगको सहकार्यमा गर्न सकिने दीर्घकालीन योजनाहरु सञ्चालन गरिनेछ ।
- घरेलु तथा सानाउद्योग विकास समितिसँगको समन्वयमा कृषि तथा जडीबुटी, वनजन्य घरेलु उद्योग स्थापनामा जोड दिदै उत्पादित वस्तु बजारीकरणका लागि प्रोत्साहन मूलक नीति अवलम्वन गरिनेछ ।
- पर्यावरण तथा वातावरण प्रदूषण गर्ने उद्योगलाई विस्थापित गर्ने नीति अवलम्वन गरिनेछ । यस गा.पा.वडा नं. ७ मा उदयपुर सिमेन्ट उद्योगबाट पर्ने प्रदूषणको प्रदूषण बापतको १५ प्रतिशत



CamScanner

रकम असुल उपर गरी प्रभावित क्षेत्रमा वातावरण अनुकूलनका कार्यक्रमहरु सञ्चालन गरिने छ।

- गरिबी न्यूनीकरणका लागि लघु उद्यम विकास कार्यक्रमहरु सञ्चालन गरिने छ।

*(ख.३) पर्यटन*

***"रौतामाई गाउँपालिकाको भावना : पर्यटक हाम्रो पाहुना"***

- रौता पोखरी, माझखर्क र ओडारे झर्नाको पर्यटन विकासको लागि गुरु योजना निर्माण गरिएको छ र गुरु योजना अनुरुप व्यवस्थित र वैज्ञानिक रुपले पर्यटन क्षेत्रको विकास गर्दै लगिने नीति अबलम्बन गरिएको छ।
- रौता पोखरी मन्दिरको व्यवस्थापन गर्दै पूजा अर्चना गर्नलाई सरल र सहज बनाइने छ।
- चित्रेथाममा निर्माणधिन अवस्थामा रहेको भ्यू-टावरको निर्माणमा प्रदेश सरकारसँग समन्वय गरी निर्माण कार्य सम्पन्न गरी आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धन गर्ने नीति लिइनेछ।
- ओडारे झर्नामा पदमार्ग निर्माणको काम सम्पन्न गरी यसको Canoeing को लागि अध्ययन शुरु गरिने छ। साथै रसुवा झर्नासम्म पुग्नको लागि पदमार्ग निर्माण गरिएको हुँदा ओडारे झर्ना र यस रसुवा झर्नासम्म पुगी पर्यटकहरुलाई मनोरञ्जन दिलाउने नीति अवलम्बन गरिनेछ।
- पर्यटकलाई पाहुनाको रुपमा स्वागत र सम्मानसाथ सत्कार गरिने आवास र गाँसको लागि रौतानिकास, नामन्ता, भालेवास र सिखरमा Agrotourism Homestay को विकास गरिदै लगिने छ।
- रौतामाई गाउँपालिका भित्र रहेका धार्मिक एवं पर्यटकीय स्थलहरु वडा नं ६ रौतापोखरी, वडा नं १ डहर पोखरी, चित्रेथाम, ओडारी झर्ना, वडा नं २ आलम्पुरे पिकनिक स्पोर्ट, वडा नं ३ गुप्तेश्वर महादेव, वडा नं ८ झाकी ओडार वडा नं. ५ को सुकेपोखरी आदिलाई पर्यटन क्षेत्रको रुपमा विकास गरिनेछ।
- वडा नं. ५ को रसुवाघाट देखि फोक्सिनटारसम्म र्‍याप्टिङ सञ्चालनको लागि थप पूर्वाधारको व्यवस्था गरिने छ।

- वडा नं. ४ स्थित तीनतले झर्ना, दुङ्गे दह वडा नं. ७ को छागे झर्ना आदिको महत्व अनुसारको प्रवर्द्धन गरिने नीति अवलम्बन गरिने छ ।
- यस गाउँपालिकाका प्राकृतिक एवं रमणीय स्थानको पर्यटन प्रवर्द्धन गर्नका लागि पहुँच मार्ग समेत निर्माण गरी Picnic Sport लगायत पर्यटकहरुलाई आकर्षित गर्ने विभिन्न कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।
- पर्यटनलाई रौतामाईको चिनोको रुपमा स्थानीय उत्पादित वस्तु उपहार दिने नीति लिइने छ ।

*(ख. ४) सहकारी*

*"आर्थिक समृद्धी र सामाजीक रुपान्तरणका लागि दिगो सहकारी ।"*

- स्थानीय स्तरमा छरिएर रहेको स-सानापूँजीहरु संकलन गरी पूँजी निर्माणमा लाग्नको लागि सहकारीहरुको स्थापना, विकास गरिदै लगिने छ ।
- सहकारी तथा व्यवसायिक परियोजनाको क्षत्र विस्तार गर्न **उपाध्यक्ष परीयोजना** संचालन गरिनेछ ।
- भूमि, पूँजी र प्रविधिको संयोजन मार्फत कृषिको भूमिको सदुपयोग गरी कृषि व्यवसायिक उत्पादन वढाउने, भूमिको चक्लाबन्दीलाई प्रोत्साहित गर्दै सहकारी खेती, सामूहिक खेतीगर्न वा समुदायको समन्वयमा एकै प्रकारको बाली लगाउन उत्प्रेरित गरिनेछ ।
- गाउँपालिका भित्र रहेका सहकारी तथा वित्तीय क्षेत्रहरुसँग सहकार्य गरी उत्पादनमूलक, रोजगारीमूलक तथा आयमूलक कार्यक्रममा लगानीमैत्री वातावरण सिर्जना गरिनेछ ।
- सहकारी माध्यमवाट उत्पादन र उत्पादकत्वमा वृद्धि गरिनेछ ।
- गाउँपालिका भित्र रहेका सहकारी तथा वित्तीय संस्थाहरुको अनुगमन तथा नियमन गरी संख्यात्मक भन्दा गुणात्मक सेवामा केन्द्रित गरी एकिकरण गर्ने नीति तय गरिनेछ ।
- गाउँपालिका क्षेत्रभित्र सञ्चालन भएका सबै विषयगत सहकारी संघ संस्थाहरुसँग समन्वय गरी उनीहरुलाई लक्षित वर्गका लागि सीप विकास तथा उद्यमशीलता विकास सम्बन्धी क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्दै गरिवी र बेरोजगारी हटाउने कार्य गर्ने तर्फ अभिप्रेरित गरिनेछ ।



CamScanner

- सहकारी संस्था मार्फत कृषि उत्पादनलाई भण्डारण वजारीकरणका लागि सहजिकरण गर्न व्यवस्थापन मिलाइनेछ ।

*(ख.५) वित्तीय क्षेत्र*

- यस गाउँपालिकामा नेपाल राष्ट्र बैंकद्वारा इजाजत प्राप्त क वर्गको प्रभु बैंक र मेघा बैंक सञ्चालनमा आईसकेकोले प्रभावकारी रुपमा सेवा विस्तार गर्दै नागरिकको सुविधाको लागि वडा तह सम्म सामाजीक सुरक्षा भत्ता वितरण गर्ने व्यवस्था मिलाईनेछ ।
- यस गाउँपालिका भित्र अन्य बैंक तथा वित्तीय संस्थाहरु स्थापना र सञ्चालनको लागि पहल गरिने छ ।
- सामि परियोजना द्वारा संचालित वित्तीय साक्षरता कक्षाका सहभागिहरु लाई वित्तीय पहुँचका लागि सम्वन्धित सरोकारवालाहरु संग समन्वय गरि सिपमुलक तालमिको व्यवस्था गरिनेछ ।
- वित्तियरुपमा साक्षर महिलाहरुलाई वित्तीय प्रदायकहरु संग समन्वय गरि व्यवसाय विविधिकरणका लागि पहल गरिनेछ ।
- प्रगतिशिल कर प्रणाली (धनिलाई धेरै र गरिवलाई थोरै वा नि:शुल्क) लागू गरिनेछ साथै स्थानीय कर सेवालाई समय अनुसार समायोजन गरिनेछ ।

**(ग) वातावरण तथा विपद व्यवस्थापन**

*(ग.१) वनतथा भू - संरक्षण*

- यस गाउँपालिकाको मूख्य कृषि तथा जडिवुटी उत्पादन तेजपात रहेकोले जनताले सजिलै सँग खरिद विक्रि गर्न सहज हुने गरी **नम्वरी अवादीको प्रकृया अगाडी** वढाउन कार्यविधि जारी गरि कार्यान्वयन गरिनेछ ।
- जडिवुटीलाई मोहरमा रुपान्तरण गर्न वडा नं.१, ८, ६, २ र ७ मा जडिवुटी संकलन केन्द्र स्थापना गरि दिगोरुपमा संचालन गर्ने निति लिईनेछ ।
- वन व्यवस्थापनलाई वैज्ञानिक बनाउनको लागि सरकारी, निजी, धार्मिक, कवुलियत तथा सामुदायिक वनलाई व्यवस्थित गरिँदै लगिने छ ।



CamScanner

- सामुदायिक वन उपभोक्ता समितिहरुसँग छलफल तथा अन्तर्क्रियाको माध्यमबाट वार्षिक कार्य योजना निर्माणको लागि यस गाउँपालिका तथा वडा कार्यालयबाट सहयोग पुऱ्याउने नीति अवलम्बन गरिनेछ ।
- वन ऐन तथा नियमावली २०७७ अनुसार गाउँपालिकाले सामुदायिक वन लगायत अन्य वनका उपभोक्ता समितिहरुसँग समन्वय गरी वनसँग सम्बन्धित कार्यक्रम सञ्चालन गरिनेछ ।
- गाउँपालिका भित्रका वनलाई संरक्षण गरी खाली ठाउँहरुमा वृक्षा रोपण कार्य अगाडि बढाइनेछ ।
- सामुदायिक वन व्यवस्थापन नीतिलाई सहयोग पुग्ने खालका कार्यक्रमहरु कार्यान्वयन गरी सामुदायिक वन उपभोक्त समूहहरुको क्षमता विकासका कार्यक्रमहरु ल्याइनेछ ।
- सार्वजनिक जग्गा, ऐलानि, पर्ति, बाटो चौतारो, चोक, एवं परम्परागत खुल्ला क्षेत्र र सरकारी जमिनलाई सिमाङ्कन गरी संरक्षण गरिनेछ ।
- रौतापोखरी क्षेत्रको खाली जमीनमा हराभरा र पर्यावरणीय संतुलन कायम गर्न थप विभिन्न प्रजातीको वृक्षारोपण गरि हेरालु समेत राखी आय आर्जन व्यस्थापनका लागि पहल गरिरहेको हुदाँ यस कार्यक्रमलाई निरन्तरता दिएको छु ।
- डढेलो लगायत वन विनासप्रति नागरिकलाई सचेत गराई वन संरक्षणमा सबैलाई सहभागिता गराइनेछ ।
- पहिरो गएको स्थान तथा पहिरोको जोखिम रहेको स्थानमा आवश्यक पूर्वाधार निर्माण गरी क्षति
- सडक किनारमा बाँस, अम्रिसो, अन्य प्रजातिको रुख विरुवा रोपन गरी वायो इन्जिनेरिङ्गको विकास गरिदै लगिनेछ ।

*ग. २) जलाधार संरक्षण*

- यस गाउँपालिका क्षेत्र भित्र भएका नदी, झरना, ताल वा अन्य स-साना पानीका मुहानहरुको संरक्षण गरिनेछ ।
- भौतिक पूर्वाधार निर्माण गर्दा दीगो विकासको सिद्धान्त अनुसार पानीको मुहानहरुलाई संरक्षण गरी



CamScanner

- वृक्षरोपण र तारवार गरी गाउँपालिका क्षेत्र भित्रका जलाधार संरक्षण गर्ने तथा पानी भकारी (प्लाष्टिक पोखरी) निर्माणका लागि आवश्यक योजना संचालन गरिनेछ ।

*(ग.३) वातावरण संरक्षण र जलवायु परिवर्तन*

- जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलनका कार्यक्रमहरु सञ्चालन गर्दै जैविक विविधताको संरक्षण गरिनेछ ।
- क्रमिक रुपमा बढ्दै गएको जलवायु परिवर्तन प्रति गाउँबासीलाई सचेत गराउँदै हरियालीपनको विकास गरी जलवायुको प्रतिकूल परिवर्तनलाई न्यूनीकरणगर्दै लगिनेछ ।
- सरोकारवालाहरुसँगको समन्वयमा जलवायु परिवर्तनको प्रभाववाट पर्ने असरहरुवाट बच्ने उपायका सम्वन्धमा अभिमुखीकरण कार्यक्रम संचालन गरिनेछ ।
- बन तथा बातावरण (संघीयमन्त्रालयसँग) समन्वय गरीएको र रौता पोखरी क्षेत्रमा यहिवर्ष देखि कार्यक्रम संचालनहुने भएको जानकारी गर्दछु ।

*(ग.४) फोहरमैला तथा ढल व्यवस्थापन*

- मुर्कुची लगायत सहरीकरण हुदै गरेका ठाउँहरुमा ढल निकासको व्यवस्थापन गरिँदै लगिने छ ।
- यस रौतामाई गाउँपालिकाको घना बजारहरु मुर्कुची, भुटटार,सल्लेमा र कुर्लेतारमा फोहर मैला व्यवस्थापनको लागि ल्यान्डफिलसाईडको खोजी गरी फोहर व्यवस्थापन गर्न टयाक्टरको व्यवस्था गरिने छ ।
- गाउँपालिका भित्रका मुर्कुची बजार, सल्ले बजार, पोखरी बजार, कुर्लेटार, माभखर्क, पुँवारे भन्ज्यांग, भुटार लगायत बजार उन्मुख क्षेत्रमा घरघरबाट उत्सर्जन हुने फोहोरलाई गल्ने र नगल्ने गरी दुई भागमा विभाजन गरी गल्ने फोहोरबाट कम्पोष्टमल तयार गर्ने र नगल्ने फोहोरलाई पुनःप्रयोग गर्ने प्रविधिलाई प्रोत्साहन गरिदै लगिनेछ ।
- गाउँपालिका भित्र भएका वस्ती भन्दाटाढाका जमिनमा स्यानेटरी ल्याण्डफिल्ड साइट निर्माण गरी फोहोरको उचित व्यवस्थापन गरीनेछ ।
- प्लाष्टिक जन्यवस्तु वातावरणीय दृष्टिकोणले हानिकारक हुनभन्ने कुरा गाउँवासीहरुमा चेतना अभिवृद्धि गराउदै यसको विकल्पको खोजी गरी प्रयोग गर्न प्रोत्साहित गरिने छ ।



CamScanner

*(ग.५) जल उत्पन्न प्रकोप नियन्त्रण*

- खोला नालाबाट उत्पन्न हुने तथा पहिरो र भू-क्षयबाट हुने प्रकोप नियन्त्रण गर्न खोलामा तटबन्द निर्माण गरी रोकथाम गरिनुका साथै जल उत्पन्न प्रकोप नियन्त्रण कार्यालयसँगको सहकार्य एवं समन्वयमा नियन्त्रणका कार्यक्रमहरु समेत संचालन गरिनेछ ।
- यस गाउँपालिकाको वडा नं ७ स्थित छौडिया खोला, पुँवारे खोला र त्रियुगा खोलाको नदी नियन्त्रणको लागि विस्तृत परियोजना प्रतिवेदन तयार भइसकेकोले नदीनियन्त्रणको लागि प्रदेश सरकार र संघीय सरकारसँग अनुरोध गर्ने एवम् यस गाउँपालिकाले पनि लगानी गर्ने नीति अवलम्बन गरिएकोछ ।

*(ग.६) विपद व्यवस्थापन बारुण नियन्त्रण सञ्चालन*

- गाउँपालिका स्तरीय विपद व्यवस्थापन समिति र वडास्तरीय विपदव्य वस्थापन समितिमार्फत विपदका चार चरणहरु 1. Mitigation-अल्पीकरण) 2. Preparedness(पूर्व तयारी 3. Response( प्रतिकार्य) 4. Recovery (पुनःस्थापना) का कार्यक्रमहरु सञ्चालन गरी विपदलाई न्यूनीकरण र व्यवस्थित गरिदै लगिने छ ।
- विपद् संवेदनशील योजना सहितको नीति, योजना, कार्यक्रम तथा बजेटको व्यवस्था गरिनेछ ।
- विपद व्यवस्थापनका लागि स्थानीय सरकारको क्षमताको विकास गरिनेछ ।
- आपतकालिन सेवा संचालन बाढी नियन्नत्रण, एम्बुलेन्स सेवादिने ।
- महाव्याधि समेतलाई ध्यानमा राखी विपद व्यवस्थापन गर्नको लागि क्षमता विकास कार्यक्रम गरिनेछ ।
- असंगठित क्षेत्रमाकाम गर्ने श्रमिक, मजदूर वर्ग, विपन्न परिवारलाई राहत स्वरुप खाद्यन्न वितरण कार्यक्रम सञ्चालन गरिनेछ ।
- सम्भावित विपद् जोखिम न्यूनिकरणका लागि गाउँपालिकाका सबै वडामा प्राकृतिक प्रकोप सम्वन्धमा जनचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।
- गाउँबासीहरुलाई लक्षित गरी विपत पश्चात आइपर्ने जोखिमबाट बच्नका लागि पूर्व तयारी सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।



CamScanner

- गाउँस्तरीय विपद् व्यवस्थापन समितिलाई क्रियाशील बनाई प्रत्येक वडाबाट १०/१० जना स्वयंसेवी समूह तयार गरी उक्त समूहलाई उद्दार, राहत र पुर्नस्थापन सम्बन्धी आवश्यक प्रशिक्षण दिई न्यूनतम श्रोत साधन सहित आवश्यक पर्दा परिचालन गर्न सक्ने सक्षम समूहको रुपमा विकास गरिनेछ।
- नेपाल रेडक्रस सोसाइटी लगायत अन्य सरोकारवाला निकायहरुसँगको सहकार्यमा विपद व्यवस्थापन कार्ययोजना तयार गरी कार्यान्वयन गरिनेछ।
- प्रदेश सरकारबाट बारुणयन्त्र प्राप्त भएपछि कार्यविधि तयार गरी संचालन गरिएको रौतामाई ०७ मुर्कुचीमा रहेको प्रहरी बिट मार्फत आपत कालिन सेवा संचालनको व्यवस्थापन गरेको छ।

(घ) पूर्वाधार क्षेत्र

*"मानवीय र भौतिक पूर्वाधार : चौतर्फी र दिगो विकासको आधार"*

*(घ.१) स्थानीय सडक, पुलतथा झोलुङ्गे पूल*

- मुर्कुची-पुवारेभञ्ज्याङ्ग-पाँवु- भुटार पालिका केन्द्र पुग्ने सडकको अप्ठ्यारो ठाँउहरुमा यसै वर्ष कङ्क्रट ढलान गरिनेछ र क्रमश कालो पत्रे गर्दै लगिनेछ।
- चालु आ.व. मा रसुवा खोलापक्की पुल निर्माण कार्य ठेक्का मार्फत अगाडी बढाईनेछ।
- वडा नं ५ वाट वडा ४ हुँदै पालिका केन्द्र पुग्ने फास्ट ट्र्याक सडक निर्माण गरिनेछ।
- निर्माणधिन सडकको पुरा गर्ने, खोलिएका सडक बाटोका स्तर उन्नती गरिनेछ।
- पालिका केन्द्र र मुर्कुचीमा खेलमैदान रंगशाला निर्माण गरिनेछ।
- **जनता आवास कार्यक्रम** अन्तर्गत जम्मा ३४४ घरधुरीलाई रु. ५००००। को दरले वितरण गर्ने कार्य अनुरुप प्रथम किस्ता वापत रु ३०००० वितरण गरिसकिएको र वाकीं रकम रु. २०००० चालु आ.व २०७९/८० मा संघिय सरकार संग समन्वय गरि भुक्तानी दिने व्यवस्था मिलाईने छ।
- **खरको छानो विस्थापीत कार्यक्रमलाई** चालु आ.व २०७९/०८० मा पनि निरन्तरता दिईनेछ।
- सडक संरक्षण, भू-क्षेय नियन्त्रण र वातावरण संरक्षणको लागि हरित सडक कार्यकम अगाडी वढाईनेछ।
- गाउँपालिका सडक गुरु योजना (RMTMP) तयार गरिए अनुसार सडकहरुको बर्गीकरण गरी व्यवस्थित रुपमा विकास गरिँदै लगिने छ।
- सडक गुरु योजनाको मापदण्ड अनुसार सडकहरुको निर्माण र स्तरोन्नति गरिने छ।



CamScanner

- यही आ.व. भित्र राजावास मुर्कुची बजारको सडक संघीय सरकार र गाउँपालिकाबाट यहि वर्ष पिच हुने जानकारी गर्दछु ।
- लामो अनि एक भन्दावढी वडा जोड्ने सडकहरु यस गाउँपालिकाको गौरवको आयोजनाहरुमा समावेश गरी क्रमागत विकास गरिने छ ।
- यसै क्रममा सडकलाई (क) वडा कार्यालयबाट केन्द्र जोडिएको सडक, (ख) पर्यटन पूर्वाधार सडक/नदी करिडोरमा निर्माण गरिने सडक र (ग) ग्रामीण कृषि सडक र (घ) टोलवस्ती सडक गरी चार भागमा वर्गिकरणगर्दै आवश्यक योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।
- फराकिलो बाटो एवं पार्क निर्माण गरी आधुनिक गाउँको निर्माण गर्ने नीति लिइनेछ ।
- सडक बाटो स्तरोन्नति, नयाँ निर्माण, मर्मत कार्य गर्नका लागि गा.पा.को ब्याक लोडरलाई तेल व्यवस्थापन गरी प्रयोग गरिने छ ।
- त्रियुगा खोला, पुवारे खोला, रसुवा खोला, खारी खोला, खकिउँ खोलाको पक्की पुलहरुको डि.पि. आर.को प्रतिवेदनको आधारमा सम्बन्धीत निकाय सँग माग गरिएको छ ।
- पूर्वाधार निर्माणलाई अपाङ्गमैत्री वनाइने नीति लिइनेछ ।
- गाउँपालिका भित्र सुरक्षित र मर्यादित यात्राका लागि सडक सुशासन कार्यक्रम सञ्चालन गरिनेछ ।
- सडक सरसफाई कार्यक्रमलाई प्रभावकारी वनाउदै सडक सफाई कर्ता जनशक्ति व्यवस्थापन गरिनेछ ।

*(घ.२) सिंचाई*

- सम्भावितनयाँ सिंचाई आयोजनाहरु निर्माण गरी थप जग्गामा सिंचाई सुविधा पुऱ्याई कृषि उत्पादनमा वृद्धिगर्दै जाने नीति अवलम्बन गरिनेछ ।
- संचालित सिंचाई आयोजनाहरुको मर्मत तथा स्तरोन्तति गरी बाह्रै महिना सिंचाई सुविधा पुऱ्याउने नीति लिइनेछ ।
- साना सिंचाई कार्यक्रमसँग समन्वय गरी यस अन्तर्गत गठित जल उपभोक्ता समूहहरुलाई थप सहयोग गरिने छ ।



CamScanner

- रैतामाई गा.पा. वडा नं. ३ लाफ्लामाउँको साबिकको ८ वटै वडामा लिफ्ट सिंचाई संचालन गर्ने र खानेपानी तथा सिंचाईको व्यवस्थापन गर्न आवश्यक पहल गरिनेछ ।
- SIPअन्तर्गतका सिंचाई र कृषक व्यवसायिक कृषिमा आवद्ध भएका कृषकहरुलाई साना सिंचाईबाट कृषि सिंचाई मर्मत सभारमा सहयोग गरिनेछ ।

*(ङ.३) भवन तथा शहरी विकास*

- पालिका केन्द्रको प्रशासनीक भवन निर्माणधिन अवस्थामा रहेको हुदाँ आ.व ०८०/०८१सम्पन्न गरी एकीकृत प्रशासनीक सेवा प्रदान गरिनेछ ।
- यस गाउँपालिकाको वडा नं ६ स्थित रैतामा अतिथि गृहको निर्माण कार्य यसै वर्ष सम्पन्न गरि व्यवस्थापन गर्ने जानकारी गराउर्द छु ।
- पालिका केन्द्र भुटारमा ५०० मानिस एकै पटक बस्न र कार्यक्रम गर्न मिल्ने सभाहलको निर्माण गरिनेछ ।
- भवन निर्माण गर्दा भवन निर्माण आचार सहिता २०७२, वस्ती विकास, सहरी योजना तथा भवन निर्माणमा पदण्डको आधारमा भवन निर्माण कार्य गरिने छ ।
- यस गाउँपालिकाले यसै वर्ष बनाएको भवन निर्माण मापदण्डको कार्यान्वयन शुरु गरिने छ ।
- यस गाउँपालिकाको भू-उपयोग योजना मुताविक बस्ती र सहरी योजना बनाई कार्यान्वयनमा ल्याइने छ ।
- राष्ट्रिय भू-उपयोग नीति तथा भवन निर्माण आचार संहिता अनुसार आवास निर्माण गरी व्यवस्थित गाउँनिर्माण गरिनेछ । स्वच्छ वातावरणलाई ध्यानमा राख्दै भवन निर्माणको नक्सापास गर्दा एक घर कम्तिमा दुई वृक्षारोपणलाई अनिवार्य गर्ने अभियानका रुपमा भवन मापदण्ड निर्माण गरी लागू गरिनेछ ।
- भवन निर्माणलाई आवासीय र व्यवसायिक गरी दुई भागमा वर्गीकरण गरिनेछ । घरको नक्सामा SepticTank को डिजाइन पेश गर्नु पर्नेछ भने घर/भवन निर्माणमा नक्सामाभै Septic Tank को निर्माण गर्न लगाइनेछ ।
- व्यवस्थित बजारीकरणका लागि बजारी विकास तथा आवास विकास सम्बन्धी मापदण्डलाई आवश्यकता अनुसार सुधार एवं परिमार्जन गरी प्रयोग गरिनेछ ।



CamScanner

- वडा नं. १,२,३ ४, ५,६ र ७ मा बजार व्यवस्थापन गर्दै लगिनेछ ।
- गाउँपालिका भित्र नेपाल सरकारद्वारा प्रस्तावित नयाँबस्ती विकासको निर्माण कार्य तीव्र पार्नका लागि सम्बन्धित निकायहरुसँगको समन्वयमा गाउँपालिकामा विज्ञहरु सहितको समिति गठन गरी काम अगाडि बढाइनेछ ।
- नेपाल सरकार तथादातृ निकायसँग समन्वय गरी गाउँपालिका क्षेत्र भित्रका पूर्वाधारहरु जस्तै गाउँपालिका भवन, रंगशाला, सभागृह, ल्याण्डफिल्ड साइट, एकिकृत जग्गा विकास कार्यक्रम, प्राविधिक शिक्षालय तथा धार्मिक पर्यटकीय पूर्वाधार निर्माण कार्यको पहल गरिनेछ ।
- सुकुम्बासी अव्य वस्थीत बसोवासको कार्यक्रम सूचना गरी तथ्याक संकलनको काम कोभिड १९ का कारण रोकिएकोले सामान्य स्थितीभए पछि कामतिब्र छिटो तरीकाबाट काम संचालन गरिने छ ।

*(घ.४) उर्जा, लघु तथा साना जलविद्युत (बैकल्पिक उर्जा समेत)*

*"उज्योलो गाउँपालिका हाम्रो अभियान"*

- ग्रामीण विद्युतीकरण अन्तर्गत यो वर्ष पनि नेशनल ग्रीडलाइनबाट यस गाउँपालिकाको भुटार केन्द्रमा विद्युत विस्तार गरीसकेको र क्रमशःअन्यत्र वडाबस्तीमा विस्तार गरिंदै उज्यालो गाउँपालिका घोषणा गर्ने नीति अवलम्वन गरिने छ ।
- गाउँवासीलाई सौर्य उर्जा उत्पादनलाई प्रोत्साहन गरी उज्यालो गाउँपालिका अभियान सञ्चालन गरिनेछ ।
- वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रसँगको समन्वयमा धुँवारहित चुलो निर्माणलाई प्रोत्साहन गरिनेछ ।
- वैकल्पिक उर्जा प्रवर्द्धनबाट खानेपानी र सिंचाईको पहल गरिनेछ ।
- यस गाउँपालिकाले यस वर्ष वडा वडाबाट पहिलो प्राथमिकतामा आएको योजना विधुत विस्तारलाई सतप्रतिशत जोडकोष बाट सँचालन गरिने छ ।



CamScanner

(घ.३) संचार

- नेपाल टेलिकमसँगको सहकार्यमा ग्रामीण क्षेत्रका सबै स्थानमा टेलिफोन र गुणस्तरीय इन्टरनेट सेवाको सुनिश्चितता गर्न पहल गरिनेछ ।
- यो वर्ष देखि नै सरकारी कार्यालयहरुमा सञ्चार तथा इन्टरनेटको व्यवस्था गरिने छ ।
- यस गाउँपालिकाको सबै वडा कार्यालयहरुमा इन्टरनेटको व्यवस्था भैरहेको छ विद्युतीय शासनको नीति अवलम्बन गरिदै लगिनेछ ।
- नेपाल टेलिकम तथा निजि क्षेत्रको दुरसंचार कम्पनीको समन्वयमा वडा न ४ र ५ तथा संचारको पहुँच नभएको क्षेत्रमा रिपिटर टावर स्थापनाको लागि पहल गरिनेछ ।

*(ङ) संस्थागत विकास, सेवाप्रवाह र सुशासन*

*"जनमुखी प्रशासन : प्रभावकारी सेवा र सुशासन"*

*(ङ१) सार्वजनिक सेवा*

- दैनिक प्रशासनलाई, सरल छिटो छरितो, जनसेवामुखी, सर्वसुलभ, पारदर्शि, प्रभावकारी र जनउत्तरदायी बनाइ कार्यलयमा हेल्प डेक्स स्थापना गरि शुसासन प्रदान गरिने छ ।
- प्रशासनिक जनशक्तिलाई योग्यता, क्षमता, अनुभवका आधारमा व्यवस्थापन गरिनेछ ।
- विभिन्न योजनाको अनुगमन मूल्यांकनलाई प्रभावकारी बनाइनेछ ।
- वडाहरुलाई दिने बजेट जनसंख्या, भूगोल, राजश्व, कार्यसम्पादन मुल्याङ्कन र मानव विकास सुचाङ्को आधारमा विनियोजन गर्ने व्यवस्थापन मिलाइेछ ।
- वडाहरुबाट दिइदै आएको सेवालाई थप सरल र छिटो बनाउन गाँउ घुम्ति सेवा अवलम्बन गरिनेछ ।
- नागरिक जनगुनासा तल्ली एकाइबाट लिइ तुरुन्त सम्बोधन गर्ने व्यवस्था मिलाइनेछ ।
- कार्यरत कर्मचारीहरुको वृत्ति विकासका लागि ठोस नीति तर्जुमा गरिनेछ । साथै कर्मचारीहरुको उच्चमनोबल बढाइ सेवामा समर्पित रहनको लागि निजामती स्थायी कर्मचारीहरुलाई कामको

आधारमा साधारण परिस्थिति भएमा प्रोत्साहन भत्ताको व्यवस्था गरिने छ । **साथै करारका कर्मचारीहरुलाई पनि प्रोत्साहन भत्ता कार्यसम्पादनको आधारमा व्यवस्था गरिने छ ।**

- प्रत्येक वडामा एक सामाजिक परिचालकहरुको व्यवस्थालाई निरन्तरता दिइने छ ।
- कर्मचारीहरुको कार्य सम्पादन मूल्याङ्कन र कार्य क्षमता मूल्याङ्कनका आधारमा पुरस्कार र दण्ड गर्ने प्रणालीको विकास गरिनेछ ।
- अन्य सेवा सुविधा नेपाल सरकार (संघीय र प्रदेश सरकार) ले तोके बमोजिम हुने छ ।

*(ङ.२) सूचना प्रविधि तथा विद्युतीय शासन*

***"समाज संग विज्ञान, प्रविधियुक्त गाउँपालिका हाम्रो अभियान"***

- विद्युतीयशासन प्रणाली माध्यमबाट सेवा प्रवाहलाई छिटो, छरितो र प्रभावकारी बनाइने छ ।
- सूचनाको संकलन, संग्रह अभिलेखीकरण तथा प्रकाशन गरिने छ । सूचना प्रकाशनको लागि गाउँपालिको नाममा वेभसाइट, इ मेल, फेसबुक पेज तथा ऐप निर्माण गरिएकोले थप प्रभावकारी रुपमा संचालन गरिनेछ ।
- गाउँपालिकाका प्रत्येक वडा र गाउँकार्यपालिका भित्रका सबै शाखाहरुलाई विद्युतीय तथा सूचना मैत्रीबनाइ सबै अभिलेखहरुलाई कम्प्युटरकृत गरी सुरक्षित गर्न पहल गरिनेछ ।
- सूचना र प्रविधिको माध्यमबाट यूवा पुस्तालाई सक्षम र सबल बनाउनका लागि युवा सूचना केन्द्रको स्थापना गर्न पहल गरिने छ । यस्ता सूचना केन्द्रको विस्तार गरिदै लगिने छ ।
- सूचना र प्रविधिको माध्यमबाट गाउँपालिकामा सेवाग्राहीको गुनासो सम्बोधन गरिने परिपार्टीको विकास गरिनेछ । यसका लागि गुनासो सुन्ने ईकाई स्थापना गरिनेछ ।
- कार्यलयमा वेवसाईट, मोबाइल एप.,ईहाजिरी–, डिजिटल नागरिक वडा पत्रको व्यबस्था गरिनेछ। यसलाई सबै वडाहरु मा विस्तार गरी यस कार्यलाई प्रभावकारी र व्यवस्थीत वनाउदै लगिनेछ ।
- वेबसाईटलाई नियमित रुपमा अध्यावधिक गरि महत्वपूर्ण निर्णय, जानकारी र नगरको वस्तुस्थिति झल्कने खालका सूचनाहरु निरन्तर सार्वजनिक गरिनेछ ।



CamScanner

- राजस्व, लेखा, योजना, जिन्सी, कृषि महिला विकास र अन्य शाखा हरुकोलागि सफ्टवेर निर्माण/जडान कार्य समपन्न गरिPaper Lesse-Government System को अवधारणालाई पूर्ण रुपले कार्यान्वयनमा निरन्तरता दिईनेछ। साथै आवश्यकता अनुसार अन्य softwareहरु हरुको निर्माण/जडान गरि कार्यन्वयन वडा/गाउँपालिका कार्यालयमा गरिनेछ र आवश्यक बजेटको समेत व्यवस्था गरिनेछ ।
- सूचना तथा संचार प्रविधिको उपयोग, बिकास र बिस्तार गर्दै सार्वजनिक सेवालाई खुला,पारदर्शी र जवाफदेहि बनाउने नीतिको प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।
- रौतामाई गाउँपालिको कार्य प्रणालीलाई सुरक्षित पारदर्शी र थप व्यवस्थित बनाउन वडा कार्यालयहरुमा समेत सी सी टिभी जडान गरिनेछ ।

*(ङ.३) पञ्जिकरण*

- सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी र पारदर्शी ढङ्गले सञ्चालन गर्न लाभग्रहीको सहजताको लागि बैंक सगं समन्वय गरि सम्वन्धित वडाको पायक पर्ने केन्द्रहरु बाट वितरण गरिने व्यवस्था मिलाइने छ।
- आ.व.२०७९।८० असार मासान्त सम्ममा रौतामाई गाउँपालिकाको ८ वटै वडा बाट सामाजिक सुरक्षा र घटना दर्ता पुर्ण रुपमा कम्प्युटराईज्ड गरिने छ।
- .सामाजिक सुरक्षा सम्बन्धी जनचेतनामुलक रेडियो विज्ञापनलाई निरन्तरता दिइने छ ।
- वडाकार्यालय मार्फत अनलाईन व्यक्तिगत घटनादर्ता प्रक्रिया र सामाजिक सुरक्षा भत्तापाउने व्यक्तिहरुको अद्यावधिक विवरण कम्प्युटरकृत गरिँदै लगिने कार्यलाई निरन्तरता दिइनेछ।

*(ङ ४) स्थानीय तथ्याङ्क संकलन र अभिलेख व्यवस्थापन*

- **गाउँपालिकाको डिजिटल प्रोफाईल** तयार गरिनेछ।
- गाउँपालिकाको समग्र सूचना एपमार्फत संकलन गरी डिजिटाइजड गरी गाउँ पार्श्वचित्र बनाइने र यसको अद्यावधिक गर्दै लगिनेछ।



CamScanner

- डिजिटाइजेसन गरेको समग्र सूचना तथा तथ्याङ्को आधारमा विश्लेषण गरी अन्यविषयको अध्ययन तथा योजना वनाई विकासात्मक कार्यलाई अगाडि वढाइने छ ।
- गाउँपालिकाको सुचना तथा विवरण हार्ड कपि र सफट कपिमा अभिलेखीकरण गरिनेछ ।

*(ङ ५) सुशासन प्रवर्द्धन*

- नागरिकलाई सार्वजनिक रुपमाप्रदान गरिने वस्तु तथा सेवाहरु छिटो, छरितो सरल र न्यायिक रुपमा उपलब्ध गराई असलशासनको अनुभूति दिलाउने नीति अवलम्वन गरिने छ ।
- जनसहभागिता, पारदर्शिता, उत्तरदायित्व, विधिको शासनजस्ता सुशासन पद्धतिको माध्यमवाट सुशासनको प्रवर्द्धन गरिदै लगिने छ ।
- सूचनाको हक सम्वन्धी कानून वमोजिम सेवाग्राहीले मागेका विवरणहरु नियमसँगत रुपले उपलब्ध गराइनेछ ।
- पलिकाले गरेको हरेक **क्रियाकलापहरुको ६/६ महिनामा सार्वजनिक सुनुवाई** गरिनेछ ।
- गाउँपालिकावाट संचालित योजना तथा कार्यक्रमहरुको सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई र सामाजिक परीक्षणका कार्यहरु नियमित रुपमा गरिनेछ ।

*(ङ ६) सुरक्षा व्यवस्थान*

- गाउँपालिकाको कामलाई चुस्तदुरुस्त राख्नका लांगि आवश्यकता देखिएमा गाउँप्रहरीको व्यवस्था गरिनेछ ।
- नागरिक र प्रहरी वीचको समन्वयवाट नै शान्ति सुरक्षा र अमन चयन तथा सुव्यवस्था कायम गर्ने नीति अवलम्वन गरिने छ ।
- सरसफाई तथा गाउँपालिकाको मापदण्डपालना भएनभएको रेखदेख गर्ने लगायत गाउँपालिका भवनको भौतिक सम्पत्ति सुरक्षाको काम गाउँप्रहरी मार्फत गरिनेछ ।
- ईलाका प्रहरी कार्यालयको भवन निर्माणको लागि सम्वन्धित निकाय सँग माग गरिने छ ।



CamScanner

उपस्थित माहानुभावहरु,

आव २०७९/८० मा निर्माण गरि लागू गर्न देहायको नियमावली तथा कार्यविधिहरु प्रस्ताव गरेको छु।
१. विषयविज्ञ गठन र संचालन सम्बन्धि कार्यविधि
२. स्थानीय अनुदान शिक्षक तथा कर्मचारी व्यवस्थापन सम्बन्धि कार्यविधि
३ शिक्षक, प्र.अ, कर्मचारी कार्यसम्पादन कार्यविधि
३. सेवाग्राही सहयोग "हेल्पडेक्स" गठन र संचालन सम्बन्धी कार्यविधि
४. गुनासो सुनुवाइ व्यवस्थापन कार्यविधि
५. पालिका अध्यक्ष कोष संचालन कार्यविधि
६ अतिथी गृह संचालन तथा व्यवस्थापन कार्यविधी

यस गाउँपालिकामा संचालनहुने योजना, आयोजना, परियोजना र कार्यक्रमहरुको निर्धारित समयमै संचालन र व्यवस्थापन गरी प्रभावकारी र गुणस्तरीय रुपमाकाम सम्पन्न गर्नको लागि तपशिल अनुसारको कार्य तालिका बनाई कार्यान्वयन गरिने निती अबलम्बन गरिएको छ।

| क.सं. | विवरण | समय अवधि | कैफियत |
|---|---|---|---|
| १ | गा.पा.बाट वडाकार्यालयलाई उ.स.गठनको अख्तियारी पठाउने | मिति २०७९।०४।२५ | |
| २ | उ.स गठनकार्यको अन्तिम समय | मिति २०७९।०५।३० | |
| ३ | गा.पाबाट उ.स. लाई संचालन, कार्यान्वयन र व्यवस्थापन अनुशिक्षण | मिति २०७९।०६।१५ | |
| ४ | सम्झौता सम्पन्न | मिति २०७९।०६।१५ | २०७८।०७।३० |
| ५ | भुक्तानी तथा फरफाराक गरि सक्ने | मिति २०८०।०२।३० | |

माथि उल्लेखित कार्यतालिका अनुसार काम गर्न गराउनु सरोकारवाला सबैको दायित्व हुने छ। बुदा नं. ४ अनुसार योजनाको सम्झौताको सम्पन्नता गर्न नसके कार्यपालिकाको बैठकबाट बजेट तथा कार्यक्रम वा आयोजना अन्यशीर्षक तथा ठाउँमा रकमान्तर गर्ने निर्णय गराई कार्यान्वयन गर्न



CamScanner

सक्नेछ । जेष्ठ महिनाको मसान्तसम्म योजना तथा आयोजनाको फरफाराक गरी भुक्तानी लिइसक्नु पर्ने नीति अवलम्बन गरिएको छ ।

वीरेन्द्र कुमार मगर
अध्यक्ष
रौतामाई गाउँपालिका भुट्टार उदयपुर



CamScanner